प्रदेश सरकार

लुम्बिनी प्रदेश

# आन्तरिक मामिला तथा संचार मन्त्रालय

मुकाम: बुटवल, नेपाल

सूचना प्रकाशन मितिः २०७८/०८/१६

यस मन्त्रालयको आ.व. २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार मन्त्रालयको तर्फबाट प्रकाशन गरिने सन्देशमूलक सूचना सामग्री प्रकाशन गर्ने छापा संचार माध्यमलाई अनुदान वितरण गर्न यस मन्त्रालयमा सूचिकृत हुनुपर्ने भएकोले देहाय बमोजिमका कागजातहरू संलग्न गरी १० (दश) दिन भित्र यस मन्त्रालयमा उपस्थित भई वा कागजातको सक्कल प्रतिको Scan Copy ईमेल ठेगानाः moialp5.paic@gmail.com मा पठाई सूचिकृतको लागि निवेदन दिनुहुन अनुरोध छ ।

**छापा सञ्चारमाध्यमले सूचिकृत हुँदा निम्म कागजातहरूको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछः**

(क) संचारमाध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि- (नविकरण समेत),

(ख) विधान/प्रवन्धपत्र वा सोही बमोजिमको कागजातको प्रतिलिपि,

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(घ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ङ) अघिल्लो आर्थिक वर्षको रोयल्टी बुझाएको खुल्ने कागजपत्र,

(च) पत्रिका नियमित प्रकाशित भएको खुल्ने कागजात,

(छ) पत्रिकाको वर्गिकरण खुल्ने कागजात ।

(ज) कभरेज एरिया, प्रकाशन र वितरणको संख्या विवरण,

(झ) सम्पादकको व्यक्तिगत विवरण र नियुक्ति पत्रको प्रतिलिपी,

(ञ) लाभान्वित हुने अनुमानित जनसंख्या ।

*द्रष्टव्यः १. सूचनाको म्याद थप गरिने छैन । म्यादभित्र सूचिकृत हुन निवेदन पेश नगरेका छापा सञ्चार माध्यमहरूलाई अनुदानमा सम्मिलित गराइने छैन ।*

*२. सूचिकृत हुन आउँदा सक्कल प्रति समेत साथमा लिई आउनुपर्नेछ ।*

*३. थप जानकारीको लागि यस कार्यक्रम सम्बन्धी कार्यविधी मन्त्रालयको वेबसाइट **www.moial.lumbini.gov.np** मा हेर्न सकिनेछ ।*

शाखा अधिकृत